# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय

सत्र प्रणालीमा आधारित

एमा.ए. नेपालीको पाठ्यक्रम,

२०७०

मूल नेपाली विषय समिति

*त्रिभुवन विश्वविद्यालय*

कीर्तिपुर, काठमाडौं

नेपाल

17 FEB 2014

सत्र प्रणालीमा आधारित

एम.ए. नेपालीको पाठ्यक्रम,

२०७०

१. पाठ्यक्रमको उद्देश्य

(क) पाठ्यक्रमको तहगत उद्देश्य

नेपाली विषयको एम.ए. तहको पाठ्यक्रमको तहगत उद्देश्य निम्नानुसारको उच्चस्तरीय जनशक्तिको उत्पादन गर्नु हुने छ :

१) उच्च शिक्षासँग सम्बद्ध विभिन्न शैक्षिक संस्थामा नेपाली विषयका शिक्षकका रूपमा प्राध्यापन गर्न सक्ने,

२) नेपाली साहित्यका साथै नेपाली भाषा र लोकसाहित्यका विभिन्न पक्षको विवेचना समीक्षा र शोधकार्य गर्न सक्ने,

३) नेपाली भाषा, साहित्य र वाङ्मयसँग सम्बद्ध विभिन्न संस्थामा नेपाली विशेषज्ञका रूपमा काम गर्न सक्ने,

४) साहित्यिक पत्रपत्रिका र पुस्तकको सम्पादन गर्न सक्ने,

५) नेपाली साहित्यका विभिन्न विधामा स्तरीय रचना गर्न सक्ने,

६) नेपाली विषयमा दर्शनाचार्य उपाधिका निमित्त आधारभूत शैक्षिक पूर्वयोग्यता प्राप्त गर्ने ।

(ख) पाठ्यक्रमको विषयगत उद्देश्य

उपर्युक्त तहगत उद्देश्य प्राप्त गर्ने सन्दर्भमा यस पाठ्यक्रममा निर्धारित विभिन्न पाठ्यांशको अध्ययनबाट विद्यार्थीहरू निम्न लिखित ज्ञान र क्षमता प्राप्त गर्न समर्थ हुने छन् :

१) नेपाली भाषा, साहित्य र लोकसाहित्यका विभिन्न पक्ष वा विधाका सम्बन्धमा उच्चस्तरीय ज्ञान प्राप्त गर्न र त्यसको प्रयोग गर्न,

२) नेपाली भाषा, साहित्य र लोकसाहित्यका ऐतिहासिक तथा सैद्धान्तिक पक्षको विस्तृत ज्ञान प्राप्त गरी त्यसका आधारमा नेपाली भाषा, साहित्य र लोकसाहित्यको व्याख्या, विश्लेषण एवम् मूल्याङ्कन गर्न,

३) शोधविधिको ज्ञानका साथै नेपाली भाषा, साहित्य र लोकसाहित्यसम्बन्धी शोधकार्य गर्न,

४) नेपाली साहित्यमा प्रतिविम्बित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामाजिक जीवनका बहुमुखी छवि र मानव अन्तस्करणका सूक्ष्मतम भावको आस्वादनद्वारा स्वस्थ, सन्तुलित र उच्चतम जीवन संस्कारतर्फ अभिमुख हुन,

५) नेपाली भाषा, साहित्य र लोकसाहित्यका विशेषज्ञका रूपमा समाजमा उत्तरदायित्व वहन गर्न र नेपाली भाषा साहित्यमा सृजनात्मक, समालोचनात्मक तथा अनुसन्धानात्मक कार्य गर्न,

६) नेपाली भाषामा प्रकाशित हुने पत्रपत्रिका र पुस्तक तथा अन्य सामग्रीहरूको सम्पादन गर्न,

७) नाटक, रङ्गमञ्च र रङ्गकर्मबारे आधारभूत ज्ञान र सिप प्राप्त गर्न ।

२. नेपाली एम. ए. तहका निम्ति प्रवेश योग्यता तथा भर्ना

क) त्रि.वि. वा मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा ३०० पूर्णाङ्कको मूल नेपाली विषय लिई स्नातक तह उत्तीर्ण गरेका व्यक्ति तोकिएको आधार र प्रवेशसम्बन्धी प्रक्रिया पूरा गरी एम. ए. तहमा भर्ना हुन सक्ने छन् ।

ख) स्नातक तह उत्तीर्ण गरी त्रि.वि. द्वारा विदेशीहरूका लागि निर्धारण गरेको नेपाली विषयको तिन वर्षे डिप्लोमा उत्तीर्ण गरेका विदेशी छात्र / छात्राहरू पनि प्रवेशसम्बन्धी प्रक्रिया पूरा गरी यस तहमा प्रवेश हुन सक्ने छन् ।

१७ FEB 2014

३ एम.ए. तहको नेपाली विषयको पाठ्यक्रमको रूपरेखा

पहिलो सत्र

४५१ सामान्य भाषाविज्ञान- (क्रे.आ.-४)
४५२ संस्कृत काव्यशास्त्र- (क्रे.आ.-३)
४५३ पाश्चात्य समालोचना सिद्धान्त (क्रे.आ.-२)
४५४ लोकसाहित्य (क्रे.आ.-२)
४५५ आधुनिक नेपाली निबन्ध (क्रे.आ.-२)
४५६ आधुनिक नेपाली फुटकर कविता (क्रे.आ.-३)
जम्मा (क्रे.आ.=१६)

दोस्रो सत्र

४५७ ऐतिहासिक तथा समाज भाषाविज्ञान (क्रे.आ.-२)
४५८ नेपाली समालोचना- (क्रे.आ.-१)
४५९ पाश्चात्य साहित्यका समालोचना पद्धति -(क्रे.आ.-३)
४६० पूर्वआधुनिक नेपाली साहित्य (क्रे.आ.-३)
४६१ आधुनिक नेपाली नाटक (क्रे.आ.-३)
४६२ चलचित्र सिद्धान्त (क्रे.आ.-१)
४६३ आधुनिक नेपाली खण्डकाव्य (क्रे.आ.-३)
जम्मा (क्रे.आ.=१६)

तेस्रो सत्र

४६४ आधुनिक नेपाली कथा (क्रे.आ.-३)
४६५ पूर्वीय दर्शन (क्रे.आ.-२)
४६६ आधुनिक नेपाली महाकाव्य- (क्रे.आ.-३)
४६७ साहित्येतिहास सिद्धान्त-(क्रे.आ.-१)
४६८ नेपाली साहित्यको इतिहास-लेखन (क्रे.आ.-१)
४६९ पाठ सम्पादन (क्रे.आ.-२)
४७० शोध विधि (क्रे.आ.-२)
४७१ सृजन विधि (क्रे.आ.-१)
४७२ भाषिक अध्ययन परम्परा (क्रे.आ.-३)[1]

वा

४७३ नाटककार बालकृष्ण सम र उनका नाट्यकृति (क्रे.आ.-३)

वा

४७४ महाकवि लक्ष्मीप्रसाद देवकोटा र उनका कविताकृति (क्रे.आ.-३)

वा

४७५ नाटककार विजय मल्ल र उनका नाट्यकृति (क्रे.आ.-३)

वा

४७६ कवि मोहन कोइराला र उनका कविताकृति (क्रे.आ.-३)
जम्मा (क्रे.आ.=१८)

१. पाठ्यांश ४७२ लिने विद्यार्थीहरूले पाठ्यांश ४७८ मात्र लिन पाउने छन् । पाठ्यांश ४७३, ४७४, ४७५ र ४७६ लिने विद्यार्थीहरूले पाठ्यांश ४७९, ४८०, ४८१ र ४८२ मध्ये कुनै एक पाठ्यांश लिन सक्ने छन् ।

चौथो सत्र

४७७ आधुनिक नेपाली उपन्यास (क्रे.आ.-३)

४७८ भाषिक अध्ययनका प्रमुख पद्धति (क्रे.आ.-३)

वा

४७९ आख्यानकार विश्वेश्वरप्रसाद कोइराला र उनका आख्यान कृति (क्रे.आ.-३)

वा

४८० आख्यानकार भवानी भिक्षु र उनका आख्यान कृति (क्रे.आ.-३)

वा

४८१ आख्यानकार पारिजात र उनका आख्यान कृति (क्रे.आ.-३)

वा

४८२ आख्यानकार ध्रुवचन्द्र गौतम र उनका आख्यान कृति (क्रे.आ.-३)

४८३ शोधपत्र (क्रे.आ.-२+४=६)

वा

४८४ सृजनपत्र (क्रे.आ.-२+४=६)

जम्मा क्रे.आ. = १२

जम्मा (क्रे.आ.= १६+१६+१८+१२ = ६२)

४. शिक्षण विधि

यस पाठ्यांशको अध्ययन अध्यापनका क्रममा प्रयोग हुने शिक्षण विधिलाई दुई भागमा वर्गीकरण गरिएको छ। अधिकांश पाठ्यवस्तुहरू अध्यापन गर्न प्रयोग गरिने शिक्षण विधिलाई साधारण शिक्षण विधिमा राखिएको छ भने कुनै निश्चित एकाइअन्तर्गतका पाठ्यवस्तु अध्यापन गर्न प्रयोग गरिने शिक्षण विधिलाई विशिष्ट शिक्षण विधिअन्तर्गत राखिएको छ।

४.१ साधारण शिक्षण विधि

प्रत्येक एकाइमा आवश्यकतानुसार व्याख्यान, प्रश्नोत्तर, छलफल तथा गृहकार्य, कक्षाकार्य, परियोजना कार्यको प्रस्तुतीकरण विधिको उपयोग गरिनेछ। एकाइको प्रकृतिअनुरूप पाठ्यपुस्तक, सहायक पुस्तक, सन्दर्भ पुस्तक, तालिका र आरेखहरूको पनि उपयोग गरिने छ।

४.२ प्रायोगिक कार्यका लागि शिक्षण क्रियाकलाप/विधि

कक्षा क्रियाकलाप निर्देशन, संयोजन, अभ्यास कक्षा, सम्पर्क कक्षा, सुधारात्मक कक्षा सञ्चालनमा शिक्षकको भूमिका रहने छ। यसको पाठ्यवस्तु, प्रायोगिक क्रियाकलाप र शिक्षण विधि एवं पाठ्यभार वितरणको नमुना निम्नानुसार हुने छ :

| एकाइ | पाठ्यवस्तु | प्रायोगिक क्रियाकलाप र शिक्षण विधि | पाठ्यभार- |
|---|---|---|---|
| एक | * | अध्ययन पत्र लेखन | |
| दुई | * | समूहकार्य र कक्षा प्रस्तुति | |
| तिन | * | परियोजना कार्य र गोष्ठीपत्र | |
| चार | * | अध्ययन पत्रलेखन (व्यक्तिगत र समूहगत) | |
| पाँच | * | छलफल र प्रस्तुति | |
| छ | * | द्वितीय स्रोत सामग्रीमा आधारित अध्ययनपत्र लेखन | |
| सात | * | समूहकार्य र कक्षा प्रस्तुति | |

यसका निम्ति थप शिक्षण विधि विषय शिक्षकले पनि निर्धारण गर्न सक्ने छन्। एकाइगत पाठ्यवस्तुका लागि दिइएको विशिष्ट शिक्षण विधिमा आवश्यकतानुसार विषय शिक्षकले परिमार्जन गरी प्रायोगिक कार्य गराउन सक्ने छन्।

५. मूल्याङ्कन प्रक्रिया

उपर्युक्त पाठ्यांशको मूल्याङ्कन प्रक्रिया दुई प्रकृतिको हुने छः

(१) आन्तरिक मूल्याङ्कन

(२) सत्रान्त परीक्षा

५.१ आन्तरिक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कनका लागि ४०% अङ्कभार छुट्याइएको छ। उक्त मूल्याङ्कन कार्य सम्पन्न गर्न निर्दिष्ट पाठ्यवस्तुअन्तर्गत रही विषय शिक्षकले निम्न आधारहरू अवलम्बन गर्नुपर्ने छ :

(क) उपस्थिति -५ अङ्क

(ख) शिक्षण सिकाइमा सहभागिता -५ अङ्क

(ग) *पहिलो आन्तरिक मूल्याङ्कन-१० अङ्क

(घ) **दोस्रो आन्तरिक मूल्याङ्कन-२० अङ्क

पहिलो र दोस्रो आन्तरिक मूल्याङ्कनमा निम्न किसिमका कार्यहरू समावेश गर्न सकिने छ :

(क) पहिलो आन्तरिक मूल्याङ्कनका लागि· गृहकार्य/पुस्तकालय कार्य/पुस्तक वा लेख पुनरवलोकन, कक्षागत सुधार परीक्षा।

(ख) दोस्रो आन्तरिक मूल्याङ्कनका लागि परियोजना कार्य, अवस्था/घटनाको अध्ययन, गोष्ठी, क्षेत्रकार्य, व्यक्तिगत वा समूहगत प्रतिवेदन लेखन, द्वितीय स्रोत सामग्रीमा आधारित अध्ययनपत्र लेखन, पूर्वाध्ययन, पुनरवलोकन र अभिलेखीकरण तथा आन्तरिक परीक्षा आदि।

उपर्युक्त पहिलो तथा दोस्रो आन्तरिक मूल्याङ्कनका निम्ति विषयको प्रकृति हेरी सम्बद्ध शिक्षकले कुनै एक वा एक भन्दा बढी पद्धतिको निर्धारण गर्न सक्ने छन्।

टिप्पणी : आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क सत्रान्त परीक्षामा प्राप्त अङ्कको २० प्रतिशतभन्दा बढी भएमा २० प्रतिशतको अन्तरभित्रै समायोजन गरिने छ।

५.२ सत्रान्त परीक्षा

(क) सत्रान्त परीक्षा त्रिवि मानविकी तथा सामाजिक शास्त्र सङ्कायबाट लिइने छ।

(ख) सत्रान्त परीक्षामा सहभागी हुनका लागि सबै आन्तरिक मूल्याङ्कन परीक्षा उत्तीर्ण भएको हुनुपर्ने छ।

(ग) सत्रान्त परीक्षामा सहभागी हुनका लागि ८०% उपस्थिति अनिवार्य हुने छ।

(ग) ३ क्रे. आ. र सो भन्दा माथिका पाठ्यांशको सत्रान्त परीक्षाको समय ३ घण्टा र सोभन्दा कम क्रे. आ. का पाठ्यांशको परीक्षा साढे एकघण्टाको हुने छ।

(घ) सत्रान्त परीक्षाका लागि विस्तृत उत्तरात्मक, संक्षिप्त उत्तरात्मक, प्रायोगिक / बोधात्मक / सप्रसङ्ग व्याख्यात्मक तथा वस्तुगत प्रकृतिका प्रश्नहरू सोधिने छन्।

(ङ) विस्तृत उत्तरात्मक तथा संक्षिप्त उत्तरात्मक प्रश्नहरूमा वैकल्पिक प्रश्नहरू रहने छन् भने प्रायोगिक / बोधात्मक / सप्रसङ्ग व्याख्यात्मक प्रश्नमा वैकल्पिक प्रश्नहरू रहने छैनन्। एउटा प्रश्नको

उत्तरका लागि दुई वटा, दुई वटा प्रश्नका लागि तिन वटा र तिन वटा प्रश्नका लागि पाँच वटाको अनुपातमा वैकल्पिक प्रश्नहरूको व्यवस्था हुने छ ।

(च) सप्रसङ्ग व्याख्याका लागि दिइने प्रश्नहरूमा स्रोतसन्दर्भ खुलाइने छ ।

६. श्रेणी निर्धारण

प्रत्येक सत्रको अन्त्यमा सत्रान्त परीक्षा प्रणालीअनुसार परीक्षा लिइनेछ । प्रत्येक सत्रका निम्ति निर्धारित प्रत्येक पाठ्यांशमा न्यूनतम ५०% अङ्क प्राप्त गरी उत्तीर्ण हुनुपर्ने छ र ५०% भन्दा माथिल्लो अङ्क प्राप्त गर्ने परीक्षार्थीको अक्षर प्रणाली अनुसार देहायको प्रतिशतका आधारमा श्रेणी निर्धारण हुनेछ :

८५% वा सोभन्दा बढी– A (उत्कृष्टतम)

८०% वा सोभन्दा बढी– A⁻ (उत्कृष्ट)

७५% वा सोभन्दा बढी– B⁺ (उत्तम )

७०% वा सोभन्दा बढी– B (निकै राम्रो)

६५% वा सोभन्दा बढी– B⁻ (राम्रो)

५०% वा सोभन्दा बढी– C (सामान्य)

५०% भन्दा मुनि– C (अनुत्तीर्ण)

७. विविध

क) यो पाठ्यक्रम शैक्षिक सत्र वि.सं. २०७०/०७१ (सन् २०१४) देखि लागु हुने छ ।

ख) यस पाठ्यक्रमको पढाइ सत्र प्रणालीअनुसार चार सत्रमा पुरा हुने छ ।

ग) यस पाठ्यक्रमअन्तर्गतका चार सत्रमा क्रमशः पहिलो सत्रमा के. आ. १६, दोस्रो सत्रमा के.आ. १६, तेस्रो सत्रमा के. आ. १८ र चौथो सत्रमा के. आ. १२ गरी जम्मा ६२ के. आ. का पाठ्यांशहरू रहने छन् ।

घ) यस पाठ्यक्रमअन्तर्गतका पहिलो तथा दोस्रो सत्रका सबै पाठ्यांशहरू अनिवार्य हुने छन् । तेस्रो र चौथो सत्रमा अनिवार्य र ऐच्छिक गरी दुवै प्रकृतिका पाठ्यांश रहने छन् । ऐच्छिक पाठ्यांशहरूको पढाइ विभागले निर्धारण गरेअनुसार हुने छ । यस्ता ऐच्छिक पाठ्यांशहरू विभागद्वारा आफ्नो साधन स्रोतअनुसार निर्धारण गरिने छन् ।

ङ) शोधपत्र वा सृजनपत्रमध्ये कुनै एक पत्र लिनु अनिवार्य हुने छ ।

पाठ्यांश शीर्षक : सामान्य भाषाविज्ञान | पाठ्यांश प्रकृति : सैद्धान्तिक र प्रायोगिक
पाठ्यांश कोड : ४५१ | क्रे. आ : ४
तह : एम.ए. | पाठघण्टा : ६४
सत्र : पहिलो

## १. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत सत्र प्रणालीमा आधारित दुई वर्षे एम.ए. तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार पारिएको हो । यो पाठ्यांश भाषा र भाषाविज्ञान, ध्वनिविज्ञान र वर्णविज्ञान, रूपविज्ञान, वाक्यविज्ञान र अर्थविज्ञानको सैद्धान्तिक ज्ञानका साथै तत्सम्वन्धी प्रायोगिक कार्य अभ्यासमा केन्द्रित हुने छ ।

## २. साधारण उद्देश्य

यस पाठ्यांशका साधारण उद्देश्य निम्न अनुसार रहेका छन् :

- भाषा र भाषाविज्ञानसँग परिचित गराउने
- ध्वनि विज्ञान र यसका शाखाहरूको परिचय दिने
- वर्णविज्ञानका आधारभूत पक्षको जानकारी दिई त्यसको विश्लेषण गर्न सक्ने क्षमताको अभिवृद्धि गर्ने
- रूपविज्ञानबारे सैद्धान्तिक ज्ञानका साथै रूपविश्लेषणसम्बन्धी सिपको विकास गर्ने
- वाक्यविज्ञानका आधारभूत पक्षको ज्ञानका साथै वाक्यविश्लेषणसम्बन्धी सिपको विकास गर्ने
- अर्थविज्ञानको सैद्धान्तिक ज्ञानका साथै अर्थविश्लेषणका विभिन्न ढाँचासँग परिचित तुल्याउने ।

## ३. विशिष्ट उद्देश्य तथा पाठ्यविषय

| विशिष्ट उद्देश्य | पाठ्यविषय | पाठघण्टा |
|---|---|---|
| | एकाइ एक : भाषा र भाषाविज्ञान | |
| • भाषाको परिचय र भाषाका विशेषताहरूसँग परिचित हुन | *१.१ भाषाको परिचय<br>*१.२ भाषाका विशेषताहरू | |
| • साङ्केतिक र कम्प्युटरीकृत भाषाको सामान्य परिचय दिन | १.३ साङ्केतिक भाषा र कम्प्युटरीकृत भाषाको परिचय | |
| • वैज्ञानिक अध्ययनका रूपमा भाषाविज्ञानको अभिप्राय बोध गर्न | *१.४ वैज्ञानिक अध्ययनका रूपमा भाषाविज्ञानको अभिप्राय | |
| • सामान्य भाषाविज्ञानका प्रमुख शाखाहरूका बारेमा जानकारी प्राप्त गर्न | *१.५ सामान्य भाषाविज्ञानका प्रमुख शाखाहरूको परिचय | |
| • प्रायोगिक भाषाविज्ञानबारे जानकारी प्राप्त गर्न | १.६ प्रायोगिक भाषाविज्ञानको सामान्य परिचय<br>• समाज भाषाविज्ञान<br>• मनोभाषाविज्ञान<br>• *त्रुटिविश्लेषण<br>• व्यतिरेकी विश्लेषण | |
| | एकाइ दुई : ध्वनिविज्ञान र वर्णविज्ञान | |
| • ध्वनि विज्ञानको परिचय तथा औच्चारिक, साञ्चारिक र श्रावणिक ध्वनिविज्ञानका | *२.१ ध्वनिविज्ञान र यसका शाखाहरू | |

| | | |
|---|---|---|
| शाखाहरूको परिचय दिन | २.२ ध्वनिविज्ञानका शाखाहरूको सामान्य परिचय<br>• औच्चारिक<br>• साञ्चारिक र<br>• श्रावणिक | |
| • ध्वनि अवयव र तिनका कार्यहरूको वर्णन गर्न<br>• खण्डीय र खण्डेतरको परिचयसहित भाषिक ध्वनिहरूको वर्गीकरण गर्न<br>• दीर्घता, अनुनासिकता, सुर र बलाघातको परिचय सहित खण्डेतर ध्वनिको परिचय दिन<br>• मानवस्वर र व्यञ्जनको परिचय दिन<br>• अन्तर्राष्ट्रिय ध्वनितात्त्विक वर्णमालाको परिचय प्राप्त गर्न<br>• नेपाली ध्वनिको आलेखनमा गर्न<br>• वर्णविज्ञानका आधारभूत पक्षहरूको परिचय दिन | २.३ ध्वनि अवयव र तिनका कार्यहरू<br>• प्रेरक अवयव र श्वास मार्ग<br>• स्वरतन्त्री, विवर र अवरोध<br>• स्थान र करण<br>२.४ भाषिक ध्वनिको वर्गीकरण<br>• खण्डीय : स्वर र व्यञ्जन, आक्षरिक र अनाक्षरिक<br>• खण्डेतर<br>• दीर्घता, अनुनासिकता, सुर र बलाघात<br>२.५ मानस्वर र व्यञ्जनको परिचय<br>२.६ अन्तर्राष्ट्रिय ध्वनितात्त्विक वर्णमालाको परिचय<br>*२.७ नेपाली ध्वनिको आलेखन अभ्यास<br>२.८ वर्णविश्लेषण सिद्धान्तको सामान्य परिचय<br>• व्यतिरेकी वितरण | |
| • व्यतिरेकी वितरण, परिपूरक वितरण, मुक्त वितरण, ध्वन्यात्मक समानता र ढाँचागत समानता एवम् मितव्ययिता र निर्विषमीकरणसहित वर्णविश्लेषण सिद्धान्तको परिचय दिन<br>• व्यतिरेकी वितरणका आधारमा नेपालीका खण्डीय र खण्डेतर वर्णको निर्धारण गर्न<br>• अक्षर सिद्धान्तको परिचय दिन<br>• नेपाली वर्ण संयोग तथा अक्षरका प्रकार छुट्ट्याउन | • परिपूरक वितरण<br>• मुक्त वितरण<br>• ध्वन्यात्मक समानता<br>• ढाँचागत समानता<br>• मितव्ययिता र निर्विषमीकरण<br>*२.११ नेपालीका खण्डीय र खण्डेतर वर्णको व्यतिरेकी वितरण<br>२.१२ अक्षर सिद्धान्तको परिचय<br>*२.१३ नेपाली वर्णसंयोग तथा अक्षरका प्रकार | |
| • रूपविज्ञानको परिचय दिन<br>• संरचना, अर्थ तथा परिवेशका आधारमा रूपको निर्धारण गर्न<br>• रूप र संरूपको परिचय दिन | एकाइ तिन : रूपविज्ञान<br>३.२ संरचना, अर्थ तथा परिवेशका आधारमा रूपको निर्धारण<br>३.३ रूप र संरूपको परिचय | |

| | | |
|---|---|---|
| • सोदाहरण रूपका प्रकार बताउन | ३.४ रूपका प्रकार<br>• मुक्त : प्रकार्यात्मक र रूपायक<br>• बद्ध : सर्ग र धातु<br>• कोशीय : आधार र व्युत्पादक<br>• व्याकरणात्मक | |
| • रूपतात्त्विक सन्दर्भमा धातु, प्रत्यय, प्रातिपादिक, शब्द र पदको परिचय दिन<br>• रूपविश्लेषण सिद्धान्त अन्तर्गत एकाइ र प्रक्रिया, एकाइ र समायोजन, एकाइ र रूपावलीबारे जानकारी दिन<br>• नेपाली रूपतत्त्वको विश्लेषण गर्न | ३.५ रूपतात्त्विक सन्दर्भमा धातु, प्रत्यय प्रातिपदिक शब्द र पदको परिचय<br>३.६ रूपविश्लेषण सिद्धान्त<br>• एकाइ र प्रक्रिया<br>• एकाइ र समायोजन<br>• एकाइ र रूपावली (प्याराडाइम)<br>*३.७ नेपाली रूपतत्त्वको विश्लेषणसम्बन्धी अभ्यास | |
| • रूपरचनामा वाक्यार्थ -सन्दर्भबारे संस्कृत व्याकरणका मान्यताको जानकारी प्राप्त गर्न<br>• नेपालीमा व्याकरणात्मक धारा वा कोटिका सङ्केतक रूपहरूको परिचय प्राप्त गर्न<br>• सन्धि र सन्धि व्यवस्थाबारे सामान्य परिचय दिन | ३.८ रूपरचनामा वाक्यार्थ सन्दर्भबारे संस्कृत व्याकरणका मान्यता<br>*३.९ नेपालीमा व्याकरणात्मक धारा वा कोटिका सङ्केतक रूपहरूको परिचय<br>३.१० सन्धि (मोरफोफोनोलोजी) को परिचय<br>• ध्वन्यात्मक परिवेश र सन्धि<br>• रूपात्मक परिवेश र सन्धि<br>• सन्धि नियमन र त्यसको ढाँचा | |
| • आन्तरिक र बाह्य, नियमित र अनियमित एवम् स्वचालित र अस्वचालित सन्धिको परिचय सहित संस्कृत सन्धिको अवधारणा बताउन<br>• नेपाली सन्धि व्यवस्था, सन्धि नियमनको स्वरूप र ढाँचाबारे परिचय प्राप्त गर्न | ३.११ संस्कृत सन्धिसम्बन्धी अवधारणा<br>• आन्तरिक र बाह्य<br>• नियमित र अनियमित<br>• स्वचालित र अस्वचालित<br>*३.१२ नेपाली सन्धिव्यवस्था, सन्धि नियमनको स्वरूप र ढाँचा | |
| • वाक्य विज्ञानबारे जानकारी प्राप्त गर्न<br>• पदक्रम र पदावलीको संरचनाको परिचय दिन<br>• व्याकरणात्मक प्रकार्यबारे जानकारी दिन<br>• पदावलीको शाखा र संरचकहरूको परिचय | एकाइ चार : वाक्यविज्ञान<br>४.१ वाक्य विज्ञानको परिचय<br>४.२ पदक्रम र पदावली संरचनाको परिचय<br>*४.३ व्याकरणात्मक प्रकार्य<br>• उद्देश्यत्व र विधेयत्व<br>• प्रत्यक्ष कर्म र अप्रत्यक्ष कर्म<br>• शीर्ष (हेड) र विशेषक (स्पेसिफायर)<br>४.४ पदावलीका शाखा र यसका संरचकहरू | |

त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपुर

| | | |
|---|---|---|
| दिन<br>• निकट घटक विश्लेषण क्रमको सोदाहरण परिचय दिन | ४.५ निकट घटक विश्लेषण र घटक क्रम<br>• अनुक्रम<br>• भङ्गक्रम | |
| • सरल वाक्यका प्रकार्य स्थल र भरक सम्बन्धी मान्यता प्रस्तुत गर्न<br>• अनिवार्य तथा ऐच्छिक, अर्थ परिवर्तक तथा अपरिवर्तक, विध्यर्थक, सम्भावनार्थक तथा वाच्यान्तरणात्मक रूपान्तरण नियम ठम्याउन | ४.६ सरल वाक्यका प्रकार्य स्थल र भरकसम्बन्धी मान्यता<br>*४.७ रूपान्तरण नियमहरूको सामान्य परिचय<br>• अनिवार्य तथा ऐच्छिक<br>• अर्थ परिवर्तक तथा अपरिवर्तक<br>• विध्यर्थक, सम्भावनार्थक तथा वाच्यान्तरणात्मक | |
| • अवशेष र सञ्चलनको परिचय दिन<br>• रूपान्तरणका मूल प्रतिबन्धनको सामान्य परिचय दिन<br>• वाक्य संयोजक प्रक्रिया, संयुक्त वाक्यका प्रकार र नेपालीमा संयुक्त वाक्यको निर्माण गर्न<br>• एकीकृत वाक्य मिश्रण प्रक्रिया, वाक्यका प्रकार तथा नेपालीमा एकीकृत मिश्र वाक्य निर्माण गर्न | ४.८ अवशेष र संचलनको परिचय<br>४.९ रूपान्तरणका मूल प्रतिबन्धन (कन्स्ट्रेन्ट)<br>*४.१० वाक्य संयोजन प्रक्रिया, संयुक्त वाक्यका प्रकार र नेपालीका संयुक्त वाक्यको निर्माणसम्बन्धी अभ्यास<br>*४.११ एकीकृत वाक्य मिश्रण प्रक्रिया र प्रकार तथा नेपालीका एकीकृत मिश्र वाक्य निर्माणसम्बन्धी अभ्यास | |
| • वाक्यसंयोजन प्रक्रिया र संयुक्त वाक्यको प्रकारबारे परिचय दिन<br>• नेपालीका एकीकृत मिश्रवाक्य र विभिन्न प्रकृतिका मिश्र वाक्यको निर्माण गर्न<br>• मिश्र वाक्यका नाम उपवाक्य विशेषण उपवाक्य, क्रियाविशेषण उपवाक्य तथा आश्रयक बारे जानकारी प्राप्त गर्न र तिनको प्रयोग गर्न<br>• नेपालीमा आश्रयकका कार्यको परिचय प्राप्त गर्न | ~~४.१२ *वाक्य संयोजन प्रक्रिया र संयुक्त~~ वाक्यको प्रकार<br>४.१३ पृथकीकृत वाक्य मिश्रण प्रक्रिया र प्रकार<br>*४.१४ नेपालीका एकीकृत मिश्र वाक्य निर्माण सम्बन्धी अभ्यास<br>*४.१५ उपवाक्यको प्रयोगसम्बन्धी अभ्यास<br>• मिश्र वाक्यका नाम उपवाक्य : कर्ता, प्रत्यक्ष कर्म, अप्रत्यक्ष कर्म, पूरक<br>• विशेषण उपवाक्य : सामान्य पूरक<br>• क्रिया विशेषण उपवाक्य : स्थान, प्रक्रिया, रीति, समय आदि बुझाउने<br>• आश्रयक (कम्प्लिमेन्टाइजर)<br>*४.१६ नेपालीमा आश्रयकको कार्य | |
| • अर्थविज्ञानको क्षेत्र र प्रकृतिबारे परिचय दिन | एकाइ पाँच : अर्थ विज्ञान<br>५.१ अर्थविज्ञानको क्षेत्र र प्रकृति | |

| | | |
|---|---|---|
| • अर्थविज्ञानको प्रकारसहित सोदाहरण परिचय दिन | ५.२ अर्थका प्रमुख प्रकार<br>• अवधारणात्मक अर्थ<br>• निदर्शन र आशय<br>• कोशीय अर्थ र व्याकरणिक अर्थ<br>• साहचर्यात्मक अर्थ र प्रसङ्गार्थ | |
| • शब्दार्थ सम्बन्धका प्रमुख ढाँचाका बारेमा जानकारी प्राप्त गर्न | *५.३ शब्दार्थ सम्बन्धका प्रमुख ढाँचा<br>• समानार्थकता<br>• विपरीतार्थकता<br>• समावेशार्थकता<br>• समध्वन्यात्मकता | |
| • कारकीय अर्थका बारेमा जानकारी प्राप्त गर्न | ५.४ कारकीय अर्थ | |

४.२ प्रायोगिक कार्यका लागि निर्दिष्ट शिक्षण क्रियाकलाप/विधि

कक्षा क्रियाकलाप निर्देशन, संयोजन, अभ्यास कक्षा, सम्पर्क कक्षा, सुधारात्मक कक्षा सञ्चालनमा शिक्षकको भूमिका रहने छ । यसको पाठ्यवस्तु, प्रायोगिक क्रियाकलाप र शिक्षण विधि एवं पाठ्यभारको नमुना निम्नानुसार हुने छ :

| एकाइ | पाठ्यवस्तु | प्रायोगिक क्रियाकलाप र शिक्षण प्रविधि | पाठ्यभार- ३६ |
|---|---|---|---|
| एक | * | अध्ययनपत्र लेखन | |
| दुई | * | समूहकार्य र कक्षा प्रस्तुति | |
| तिन | * | परियोजना कार्य र गोष्ठीपत्र | |
| चार | * | अध्ययनपत्र लेखन (व्यक्तिगत र समूहगत) | |
| पाँच | * | छलफल र प्रस्तुति | |
| छ | * | द्वितीय स्रोत सामग्रीमा आधारित अध्ययनपत्र लेखन | |
| सात | * | समूहकार्य र कक्षाप्रस्तुति | |

थप शिक्षण विधि विषय शिक्षकले निर्धारण गरेअनुसार हुने छ । एकाइगत पाठ्यवस्तुका लागि दिइएको विशिष्ट शिक्षण विधिमा आवश्यकतानुसार विषय शिक्षकले परिमार्जन गरी प्रायोगिक कार्य गराउन सक्ने छन् ।

सहायक/सन्दर्भ पुस्तक


आर. एच. रबिन्स, सामान्य भाषिकी, (अनु.देवीदत्त शर्मा) चन्डीगढ : हरियाणा हिन्दीग्रन्थ अकादमी ।

एच.ए. ग्लिसन, एन इन्ट्रोडक्सन टु डिस्क्रेस्टिभ लिग्विस्टिक्स होल्ड, न्यु योर्क : रिनेहार्ट ।

एफ. आर. पामर, सिमेन्टिक्स, लन्डन : क्याम्ब्रिज ।

एस. के. बर्मा र अरू, मोडर्न एप्लाइड डलिङ्ग्विस्टिक्स, न्यु दिल्ली : अक्सफोर्ड ।

गिरी, जीवेन्द्रदेव, भाषाविज्ञान, भाषा र भाषिका (२०६३), काठमाडौं : एकता प्रकाशन ।

चूडामणि उपाध्याय रेग्मी, नेपाली भाषाको उत्पत्ति, काठमाडौं : साझा प्रकाशन ।

चूडामणि बन्धु, भाषाविज्ञान, काठमाडौं : साझा प्रकाशन ।

जी. एन. लिच, सिन्ट्याक्स, पेङ्गुइन बुक्स ।

जोन लियोन्स सैद्धान्तिक भाषाविज्ञान, (अनु. सत्यकाम वर्मा), नई दिल्ली : मुन्सीराम मनोहरलाल ।

टङ्क न्यौपाने र गोविन्दराज भट्टराई भाषाविज्ञानको रूपरेखा, सुनसरी : एन.बी. डी प्रकाशन ।
टङ्क न्यौपाने, ध्वनिविज्ञान, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।
डेभिड क्रिस्टल, अ डिक्सनरी अफ लिङ्ग्विस्टिक्स यान्ड फोनेटिक्स, मेलबर्न : ब्ल्याकवेल पब्लिसिङ ।
देवीप्रसाद गौतम र खगेन्द्रप्रसाद लुइटेल, ध्वनिविज्ञान र वर्णविज्ञान, काठमाडौँ : नवीन प्रकाशन ।
देवीप्रसाद गौतम र प्रेमप्रसाद चौलागाईं, भाषाविज्ञान, काठमाडौं : पाठ्यसामग्री पसल ।
देवीप्रसाद गौतम र अन्य, सामान्य भाषाविज्ञान, काठमाडौं : पिनाकल पब्लिकेसन्स, २०६७ ।
देवीप्रसाद गौतम, रूपान्तरण व्याकरण, काठमाडौँ : चिरञ्जीवि घिमिरे, २०६१ ।
माधवप्रसाद पोखरेल, ध्वनिविज्ञान र नेपाली भाषाको ध्वनि परिचय, काठमाडौं : ने.रा.प्र.प्र. ।
बल्लभमणि दाहाल (सं. खगेन्द्रप्रसाद लुइटेल), भाषिक चिन्तन, काठमाडौ, रत्नपुस्तक भण्डार ।
ब्लुमफिल्ड, भाषा, (अनु. विश्वनाथप्रसाद) वाराणसी : मोतीलाल, बनारसीदास ।
भोलानाथ तिवारी, आधुनिक भाषाविज्ञान, दिल्ली : लिपि प्रकाशन ।
रवीन्द्रनाथ श्रीवास्तव, अनुप्रयुक्त भाषाविज्ञान : सिद्धान्त एवं प्रयोग, दिल्ली : राधाकृष्ण प्रकाशन ।
रामचन्द्र लम्साल, कोशविज्ञान र नेपाली कोश, काठमाडौं ।
ल्यारी एम. मियाम, फोनोलजी : थ्योरी एन्ड एनलिसिस, हट रिनेहार्ट एन्ड विल्सन ।
वार्ष्णेय, एन इन्ट्रोडक्टरी टेक्स बुक अफ लिङ्ग्विस्टिक्स एन्ड फोनेटिक्स, बरेली : स्टुडेन्ट स्टोर ।
हकेट, ए कोर्स इन मोडर्न लिङ्ग्युस्टिक्स, (भारतीय संस्करण) ।

त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपुर
भाषाविज्ञान ... कार्यालय कीर्तिपुर

पाठ्यांश शीर्षक : संस्कृत काव्यशास्त्र | पाठ्यांश प्रकृति : सैद्धान्तिक र प्रायोगिक
पाठ्यांश कोड : ४५२ | क्रे. आ : ३
तह : एम.ए. | पाठ घण्टा : ४८
सत्र : पहिलो

१. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत सेमेस्टर प्रणालीमा आधारित दुई वर्षे एम.ए. तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार पारिएको हो । यो पाठ्यांश संस्कृत काव्यशास्त्रीय परम्परा र प्रमुख काव्यतत्त्व, अलङ्कार र रीति तथा वक्रोक्ति सिद्धान्त, रस सिद्धान्त र ध्वनि सिद्धान्तको ज्ञान एवम् तत्सम्बन्धी प्रायोगिक कार्यको अभ्यासमा केन्द्रित हुनेछ ।

२. साधारण उद्देश्य

यस पाठ्यांशका साधारण उद्देश्य निम्नानुसार रहेका छन् :

- संस्कृत काव्यशास्त्रको परम्परा र त्यसका प्रमुख सिद्धान्तको परिचय दिने,
- संस्कृत काव्यशास्त्रका आधारमा साहित्यिक कृतिहरूको विश्लेषण र मूल्याङ्कन गर्न सक्ने क्षमताको विकास गर्ने ।

३. विशिष्ट उद्देश्य तथा पाठ्यविषय

| विशिष्ट उद्देश्य | पाठ्यविषय | पाठ घण्टा |
|---|---|---|
| १. संस्कृत काव्यशास्त्रीय परम्पराको चर्चा गर्न<br>२. काव्यको परिभाषा र परिचय दिन | एकाइ एक : संस्कृत काव्यशास्त्रीय परम्परा र प्रमुख काव्यतत्त्व<br>१.१ संस्कृत काव्यशास्त्रीय परम्परा<br>१.२ प्रमुख काव्य परिभाषा र परिचय | |
| ३. काव्य परिभाषाहरूको तुलनात्मक समीक्षा गर्न<br>४. शब्दशक्तिको परिचय र प्रकार बताउन<br>५. काव्यगुणको प्रयोजन बुझ्न र काव्यगुणको वर्गीकरण गर्न<br>६. प्रमुख काव्यदोषको परिचय दिई तिनको स्वरूप बताउन | *१.३ भामहदेखि जगन्नाथसम्मका काव्य परिभाषाहरूको तुलनात्मक समीक्षा<br>१.४ शब्दशक्ति<br>• शब्दकोटि : वाचक, लक्षक, व्यञ्जक<br>• अर्थकोटि : वाच्यार्थ, लक्षार्थ, व्यङ्ग्यार्थ<br>१.५ काव्यगुण<br>• काव्यगुणको स्वरूप : शब्दार्थपरक गुण, रसपरक गुण, मार्गपरक गुण<br>• काव्यगुणको वर्गीकरण : त्रिगुणवादको स्थापना र तीन गुणको निरूपण<br>१.६ काव्यदोष<br>• काव्यदोषको स्वरूप<br>• प्रमुख काव्य दोष | |
| • अलङ्कार सिद्धान्तको पृष्ठभूमि र | एकाइ दुई : अलङ्कार, रीति र वक्रोक्ति सिद्धान्त<br>२.१ अलङ्कार सिद्धान्त | |

| | | |
|---|---|---|
| प्रवर्तनको चर्चा गर्न | • अलङ्कार सिद्धान्तको पृष्ठभूमि र प्रवर्तन | |
| • अलङ्कारको परिभाषा र परिचय दिन | • अलङ्कारको परिभाषा र परिचय | |
| • अलङ्कार भेद, अर्थालङ्कारको वर्गीकरण गर्न | • *अलङ्कारका भेद : शब्दालङ्कार, अर्थालङ्कार र उभयालङ्कार (सन्दर्भ : मुनामदन खण्डकाव्य) | |
| • रुय्यकसम्मत अर्थालङ्कारका सार्थ प्रमुख अलङ्कारहरूको सोदाहरण विवेचना गर्न | • रुय्यकसम्मत अर्थालङ्कारको वर्गीकरण<br>• *प्रमुख अलङ्कारको सोदाहरण विवेचना : अनुप्रास, यमक, उपमा, रूपक, उत्प्रेक्षा, अर्थान्तरन्यास, श्लेष र संसृष्टि (सन्दर्भ : ऋतुविचार खण्डकाव्य/अलङ्कार परिचय/साहित्य प्रदीप) | |
| • अलङ्कार सिद्धान्तको समीक्षा गर्न | • *अलङ्कार सिद्धान्तको समीक्षा | |
| • रीति सिद्धान्तको पृष्ठभूमि र प्रवर्तनको चर्चा गर्न<br>• रीतिको परिभाषा र परिचय दिई वर्गीकरण गर्न<br>• रीतिका आधार पहिचान गर्न<br>• रीतिसँग अलङ्कार, गुणको तुलना गर्न | २.२ रीति सिद्धान्त<br>• रीतिको पृष्ठभूमि र रीति सिद्धान्तको प्रवर्तन<br>• वामनसम्मत रीतिको परिभाषा र परिचय<br>• रीतिका भेद<br>• रीतिका आधार : प्रदेशपरक, गुणपरक, कवि स्वभावपरक<br>• *रीति र गुण तथा रीति र अलङ्कारको सम्बन्ध<br>• वामन उत्तरवर्ती युगमा रीतिको स्वरूप : रीति र मार्ग, रीति र संघटना, रीति र शैली | |
| • रीति सिद्धान्तको समीक्षा गर्न<br>• वक्रोक्ति सिद्धान्तको पृष्ठभूमि र प्रवर्तनको चर्चा गर्न<br>• वक्रोक्ति सिद्धान्तको परिभाषा दिई यसका प्रकारको निरूपण गर्न<br>• वक्रोक्ति र अलङ्कारको तुलना गर्न<br>• वक्रोक्ति सिद्धान्तको समीक्षा गर्न | • *रीति सिद्धान्तको समीक्षा<br>२.३ वक्रोक्ति सिद्धान्त<br>• वक्रोक्तिको पृष्ठभूमि वक्रोक्ति सिद्धान्तको स्थापना<br>*२.४ वक्रोक्तिको परिभाषा र परिचय<br>• वक्रोक्तिका भेद<br>• वर्ण, पद, वाक्य, प्रकरण र प्रबन्ध वक्रताको निरूपण<br>• वक्रोक्ति र अलङ्कार<br>*२.५ वक्रोक्ति सिद्धान्तको समीक्षा | |
| • रसको परिभाषा र रससामग्रीको परिचय दिन<br>• रस निष्पत्तिका प्रमुख मान्यता र | एकाइ तिन : रस सिद्धान्त र ध्वनि सिद्धान्त<br>३.१ रस सिद्धान्त<br>• *रसको परिभाषा र रससामग्री (सन्दर्भ : पिकदूत, राष्ट्रनिर्माता, गौरी) | |

| | | |
|---|---|---|
| साधारणीकरणबारे परिचय दिन | • रस निष्पत्तिका प्रमुख मान्यता<br>• साधारणीकरण | |
| • रसास्वादको स्वरूपबारे परिचय दिन | * रसास्वादको स्वरूप | |
| • रसका भेदबारे जानकारी दिन | • रसका भेद | |
| • रसको मनोवैज्ञानिक आधारबारे जानकारी दिई रससिद्धान्तको समीक्षा गर्न | * रसको मनोवैज्ञानिक आधार<br>* रस सिद्धान्तको समीक्षा | |
| • ध्वनिसिद्धान्तको स्रोत र स्थापनाबारे जानकारी प्राप्त गर्न | ३.२ ध्वनि सिद्धान्त<br>• ध्वनि सिद्धान्त : स्रोत र स्थापना | |
| • ध्वनिको प्रासङ्गिकता र प्रयोजनबारे परिचय दिन | • ध्वनिको प्रासङ्गिकता र प्रयोजन | |
| • वस्तुध्वनि, अलङ्कार ध्वनि र रसध्वनिसहित ध्वनिका प्रमुख भेदबारे जानकारी दिन | • वस्तुध्वनि, अलङ्कार ध्वनि र रसध्वनिको निरूपण<br>• ध्वनिका प्रमुख भेद | |
| • काव्यका श्रेणीबारे परिचय दिन | • काव्यका श्रेणी : उत्तम, मध्यम र अधम काव्य (*सन्दर्भ : पिँजराको सुगा, कालीगण्डकी, मेरो चोक) | |
| • ध्वनि सिद्धान्तको अन्य काव्य सिद्धान्तसितको सम्बन्ध पहिचान गर्न<br>* ध्वनि सिद्धान्तको समीक्षा गर्न | * ध्वनि सिद्धान्तको अन्य काव्य सिद्धान्तसितको सम्बन्ध<br>* ध्वनि सिद्धान्तको समीक्षा | |

प्रायोगिक कार्यका लागि निर्दिष्ट शिक्षण क्रियाकलाप/विधि

कक्षा क्रियाकलाप निर्देशन, संयोजन, अभ्यास कक्षा, सम्पर्क कक्षा, सुधारात्मक कक्षा सञ्चालनमा शिक्षकको भूमिका रहने छ । यसको पाठ्यवस्तु, प्रायोगिक क्रियाकलाप र शिक्षण विधि एवं पाठ्यभार निम्नानुसार हुने छ :

| एकाइ | पाठ्यवस्तु | प्रायोगिक क्रियाकलाप र शिक्षण विधि | पाठ्यभार- २७ |
|---|---|---|---|
| एक | * | समूह कार्य र कक्षा प्रस्तुति | |
| दुई | * | शीर्षक केन्द्रित अध्ययन पत्र | |
| तिन | * | पूर्वाध्ययनको समीक्षा | |

थप शिक्षणविधि विषय शिक्षकले निर्धारण गरेअनुसार हुनेछ । एकाइगत पाठ्यवस्तुका लागि दिइएको विशिष्ट शिक्षण विधिमा आवश्यकतानुसार विषय शिक्षकले परिमार्जन गरी प्रायोगिक कार्य गराउन सक्ने छन् ।

सहायक/सन्दर्भ पुस्तक


केशवप्रसाद उपाध्याय, पूर्वीय साहित्य सिद्धान्त, काठमाडौं : साझा प्रकाशन ।

जयन्त मिश्र, काव्य मीमांसा, वाराणसी : चौखम्बा विद्या भवन ।

नगेन्द्र, रीति काव्य की भूमिका, वाराणसी : नेशनल पब्लिशिङ हाउस

सोमनाथ शर्मा, साहित्य प्रदीप, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भरतराज पन्त अलङ्कार परिचय, काठमाडौं : नेराप्रप्र ।

मम्मट, काव्य प्रकाश, (टीकाकार आचार्य विश्वेश्वर), वाराणसी : ज्ञान मण्डल लिमिटेड ।

राजवंश सहाय 'हीरा', भारतीय आलोचनाशास्त्र, पटना : बिहार हिन्दी ग्रन्थ अकादमी ।

विष्णुप्रसाद पौडेल, संस्कृत काव्यशास्त्र, काठमाडौं : पैडीपुराण प्रकाशन ।

गोविन्दप्रसाद भट्टराई, पूर्वीय काव्यसिद्धान्त, काठमाडौं : नेराप्रप्र ।

पाठ्यांश शीर्षक : पाश्चात्य समालोचना सिद्धान्त
पाठ्यांश कोड : ४५३
तह : एम.ए.
सत्र : पहिलो

पाठ्यांश प्रकृति : सैद्धान्तिक र प्रयोगिक
क्रे. आ : २
पाठ घण्टा : ३२

१. पाठ्यांश परिचय

यो पाठ्यांश पाश्चात्य साहित्य सिद्धान्त समालोचनाका विभिन्न युग र धाराका प्रमुख सिद्धान्तको आधारभूत ज्ञान एवम् तत्सम्बन्धी प्रायोगिक कार्यको अभ्यासमा केन्द्रित हुनेछ ।

२. साधारण उद्देश्य

यस पाठ्यांशका साधारण उद्देश्य निम्न अनुसार रहेका छन् :

- पाश्चात्य समालोचनाका प्रमुख युग धारा र प्रमुख प्रवृत्तिहरूको जानकारी दिने,
- पाश्चात्य साहित्य चिन्तनका प्रमुख मान्यताहरूको परिचय प्रदान गर्ने
- सैद्धान्तिक ज्ञानका आधारमा साहित्य तत्त्वको विशेष पहिचान गर्न र नेपाली साहित्यका विभिन्न धाराका साहित्यकार र तिनका कृतिको मूल्याङ्कन गर्न सक्ने सिप र क्षमताको विकास गर्ने,

३. विशिष्ट उद्देश्य तथा पाठ्यविषय

| विशिष्ट उद्देश्य | पाठ्यविषय | पाठ घण्टा |
|---|---|---|
| | एकाइ एक : पाश्चात्य समालोचना सिद्धान्तको पृष्ठभूमिको अध्ययन | |
| • पाश्चात्य समालोचना सिद्धान्तको परिचय दिन<br>• पाश्चात्य सभ्यताका विकासका चरणहरूको वर्णन गर्न | १.१ प्रादेशिक र ऐतिहासिक सन्दर्भ<br>• पाश्चात्य सभ्यताका विकासका मुख्य चरणहरू | |
| • कला र सौन्दर्यशास्त्र सम्बन्धी मान्यताको समीक्षा गर्न | • पाश्चात्य काव्यशास्त्र (साहित्य शास्त्र) तथा समालोचना पद्धतिको विकास प्रक्रियाका मुख्य मुख्य युग एवम् धाराहरू<br>१.२ कला र सौन्दर्य शास्त्र, कलासम्बन्धी आधारभूत मान्यता, कलाको विषयगत र विषयीगत सन्दर्भ, कलाको वर्गीकरण, कान्ट, क्रोचे र हेगेलका कलागत मान्यता | |
| • समालोचनाको स्वरूप तथा समालोचनाका प्रमुख प्रकार, विधि र प्रकार्यहरू चिन्न<br>• साहित्य सिद्धान्त र समलोचना पद्धतिका मूल केन्द्रकहरूको परिचय दिन | १.३ समालोचनाको स्वरूप तथा प्रमुख प्रकार, विधि र प्रकार्यहरू<br>*१.४ साहित्य सिद्धान्त र समालोचना पद्धतिका मूल केन्द्रहरू : विश्व प्रकृति, स्रष्टा, भावक र कृति | |
| | एकाइ दुई : प्रायोगिक समालोचनाका प्रमुख पद्धति | |
| • प्रभाववादी र सिद्धान्तोन्मुख समालोचनाका पद्धतिगत विशेषता पहिल्याउन | २.१ प्रभाववादी र सिद्धान्तोन्मुख (एकल/बहुल) समालोचना (*सन्दर्भ: रामकृष्ण शर्मा, यदुनाथ खनाल, र | |

नेपाली केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालय

| | | |
|---|---|---|
| | तारानाथ शर्माका समालोचना ) | |
